# प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम, सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७

(प्रदेश सरकार,प्रदेश नं.१,उद्योग,पर्यटन,वन तथा वातारण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
निर्णयबाट मिति २०७७/०५/११मा स्वीकृत)

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १,विराटनगर ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

सन्जीव कुमार राई
सचिव

# विषय सूची


**परिच्छेद-एक परिचय**..........१

१.१ पृष्ठभूमि..........१

१.२ मार्गदर्शनको सामान्य सिद्धान्त..........१

१.३ परिभाषा..........२

१.४ कार्यक्रम सञ्चालन प्रकिया..........२

१.५ कार्यक्रम कार्यान्वयन विधि..........३

१.६ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि..........३

**परिच्छेद- दुई कार्यक्रम सञ्चालन प्रक्रिया**..........४

**कार्यक्रमको नामः प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम (३०७०११०१)**..........४

खर्च शीर्षकः  कर्मचारी तालिम खर्च (२२५११)..........४

२.६.१.१ कर्मचारी दक्षता अभिवृद्धि तालिम (प्रमाणपत्र दिने)..........४

२.६.१.२ कर्मचारी दक्षता अभिवृद्धि तालिम (प्रमाणपत्र नदिने)..........४

खर्च शीर्षकः सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२)..........४

२.६.४.२ उद्यमशीलता विकास तालिम..........४

२.६.४.३ भगत सर्वजित सीप विकास तालिम..........५

२.६.४.५ उद्योग प्रवर्द्धन कार्यक्रम..........६

२.६.४.६ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम..........६

२.६.४.७ स्थापन्न उद्यमीहरूको लागि स्तरोन्नति कार्यक्रम..........७

२.६.४.१८ उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम..........७

२.६.४.३९ सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता भएका एकल दलित जनजाति समेत..........७

२.६.६.१ गोष्ठी तथा कार्यशाला..........८

२.६.६.३ समन्वयात्मक गोष्ठी..........८

खर्च शीर्षकः कार्यक्रम खर्च(२२५२२)..........९

२.७.५.२ बजार अनुगमन तथा नियमन ........ ९

२.७.५.७ वार्षिक प्रगति पुस्तिका प्रकाशन ........ ९

२.७.५.८६ औद्योगिक प्रदर्शनी सहभागी तथा स्टल खरिद ........ ९

२.७.५.६६/२.७.२९.२२ उद्योग दिवस मनाउने ........ १०

२.७.५.९६ प्रदेशस्तरमा उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी ऐन, कानून, मापदण्ड, कार्यविधि निर्माण आदि ........ १०

२.७.७.३३ प्रदेश १ अन्तर्गतका औद्योगिक उत्पादनका वस्तु र उत्पादित सेवाहरूको माग र आपूर्तिको वर्तमान अवस्थाको अध्ययन तथा तथ्याङ्क विश्लेषण ........ १०

२.७.८.२७ ग्द्धस्न्ध–१९ बाट प्रभावित समुदायलाई सीप विकास एवम् जनचेतनाको कार्यक्रम सञ्चालन ........ ११

२.७.२५.३ उद्योग प्रवर्द्धन समन्वय समितिको बैठक ........ ११

२.७.२५.३७ एक जिल्ला एक उत्पादन कार्यक्रम ........ ११

२.७.२५.६५ साना तथा घरेलु उद्यमीहरूको उत्पादन बीमा सम्बन्धी बैंक, वित्तीय संस्था, बीमा कम्पनी र उद्यमी बिच छलफल ........ ११

२.७.२९.४ वार्षिक समीक्षा गोष्ठी ........ १२

खर्च शीर्षकः अनुगमन तथा मूल्याङ्कन खर्च (२२६११) ........ १२

२.८.१.१ अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च ........ १२

२.८.१.२ उद्योग वाणिज्य अनुगमन ........ १२

२.८.१.५ ञ्ङङ्क/ङ्ङ्न्क स्वीकृत भई सञ्चालनमा रहेका आयोजनाहरूको अनुगमन ........ १३

खर्च शीर्षकः सरकारी निकाय, समिति, बोर्ड – पूँजीगत सःशर्त अनुदान (२६४२२) ........ १३

११.४.२२.६९३ औद्योगिक प्रदर्शनी केन्द्र स्थापना (स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा) ........ १३

खर्च शीर्षकः अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान (२६४२३) ........ १४

११.१.२.१ भवन निर्माण (सामूहिक कोसेली घर निर्माण) ........ १४

खर्च शीर्षकः मेशिनरी तथा औजार (३११२२) ........ १४

११.३.७.८ लघु उद्यमीहरूका लागि उपयुक्त प्रविधि हस्तान्तरण ........ १४

११.३.१२.२. उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम ........ १४

सचिव

खर्च शीर्षकः पुँजीगत अनुसन्धान तथा परामर्श (३११७२) ........................................१५
११.५.४०.६५ कृषि र वन पैदावारमा आधारित उद्यमहरूको पहिचान, विकास, स्थापना र प्रवर्द्धन सम्बन्धमा विस्तृत अध्ययन ........................................१५
११.५.४०.६८ अन्तराष्ट्रिय मापदण्डमा आधारित एकीकृत प्रयोगशालाको सम्भाव्यता अध्ययन र गुरूयोजना निर्माण ........................................१५

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

सचिव

# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ अन्तर्गत आ.व. २०७७/०७८ मा विभिन्न योजना/कार्यक्रमहरु संचालन गर्ने गरी बजेट विनियोजन भएको छ ।विनियोजित बजेटको परिधि भित्र रहेर स्वीकृत वार्षिक कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १४ वटा घरेलु तथा साना उद्योग कार्यालयबाट संचालन गरिने गरी तय भएका छन् । स्वीकृत कार्यक्रमको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धी हासिल गर्न सकिन्छ । कार्यक्रम प्रभावकारी ढंगले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच एकै खालको कार्यक्रम संचालन प्रकृयामा साझा बुझाई रही सम्पादन हुनु पर्दछ । अतः स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धी हासिल गर्ने उद्देश्यले कार्यक्रम संचालन गर्ने निकाय/सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपता आओस भनी यो "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७" तयार गरी जारी गरिएको छ ।

## १.२ मार्गदर्शनको सामान्य सिद्धान्त

यो मार्गदर्शन सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रदेश नं. १ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५,प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७,सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, आ.व. २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तथा बजेट कार्यान्वयनसँग सम्बन्धित संघीय सरकार र प्रदेश नं. १ सरकारले जारी गरेका अन्य निर्देशिकाका हकमा सोही बमोजिम हुने अन्यथा यस मार्गदर्शन बमोजिम गर्ने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ले योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २५ को अधिनमा रही यो "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७" जारी गरेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतमा रहेका निर्देशनालय तथा कार्यालयहरुको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रमहरुको संचालन तथा कार्यान्वयन गर्नु यो मार्गदर्शनको मुख्य लक्ष्य रहेको छ ।

### १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

क) "मार्गदर्शन" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको "प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रमसञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७" सम्झनु पर्छ ।

ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

ग) "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकाय सम्झनु पर्छ ।

घ) "महाशाखा" भन्नाले मन्त्रालयको महाशाखा सम्झनु पर्छ ।

ङ) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय सम्झनु पर्छ ।

च) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

### १.४ कार्यक्रम सञ्चालन प्रकिया

स्वीकृत वार्षिक कार्यक्रम निम्न प्रक्रिया अवलम्बन गरी सञ्चालन गरिनेछ ।

क) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाइ सरोकारवालाहरूको सहभागितामा सार्वजनिक गर्ने ।

ख) स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टिकरण र आवश्यकता अनुसार कार्य विभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने ।

ग) क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह, कार्यक्रम सञ्चालन हुने क्षेत्र, स्थानीय तहमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने ।

घ) विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने ।

ङ) विशेष सीपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने ।

च) लागत अनुमान तयार गर्दा प्रचलित नर्म्स, जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिने

छ) लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने ।

- कार्यक्रम/क्रियाकलापको शीर्षक,
- कार्यक्रम सञ्चालन हुने स्थान,



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर (नेपाल)

सचिव

- कार्यक्रमको डिजाइन, नक्सा, इकाइ, परिमाण, प्रति एकाइ लागत र कूल लागतको परिमाण अनुमान
- श्रोत साझेदारीको अवस्था

ज) कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

- कार्यक्रमको नाम
- कार्यक्रमको पृष्ठभूमि
- कार्यक्रमको लक्ष्य र उद्देश्य
- कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
- लक्षित समूह सम्बन्धी विवरण, लाभान्वित घरधुरी, जनसंख्या
- कार्यक्रम सञ्चालन विधि र प्रक्रिया
- कार्यक्रम शुरू हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
- अपेक्षित उपलब्धीहरू
- अनुगमन तथा मूल्याङ्कन

## १.५ कार्यक्रम कार्यान्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही देहाय अनुसार सञ्चालन गरिनेछ ।

क) अमानतबाट

ख) उपभोक्ता समूह वा समितिबाट

ग) ठेक्कापट्टाबाट

घ) परामर्श सेवा खरिदबाट

ङ) साझेदारी वा सम्झौताबाट

## १.६ कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम गरिने छ ।

क) सम्बन्धित निकायबाट नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिइनेछ ।

ख) अनुगमन मूल्याङ्कन गर्दा राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५लाई आधार मानिनेछ ।

ग) रू ५ लाख भन्दा बढी लागतका निर्माण सम्बन्धी कार्यक्रमहरूको विवरण खुल्ने गरी होर्डिङ बोर्ड सम्बन्धित निर्माणस्थलमा राख्नुपर्नेछ । यसको खर्च सम्बन्धित कार्यक्रमबाट गर्न सकिनेछ ।

घ) कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।



सचिव

## परिच्छेद- दुई
## कार्यक्रम सञ्चालन प्रक्रिया

कार्यक्रमको नामः प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति कार्यक्रम (३०७०११०१)

खर्च शीर्षकः कर्मचारी तालिम खर्च (२२५११)

### २.६.१.१ कर्मचारी दक्षता अभिवृद्धि तालिम (प्रमाणपत्र दिने)

सम्बन्धित निकायले आवश्यक ठानेको विषयमा उक्त निकाय मातहतका कर्मचारीहरूलाई यस किसिमको तालिम प्रदान गरिनेछ । तालिमका लागि विषय छनौट गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा यस्तो तालिम प्रदान गर्न सकिनेछ । यस्तो तालिम समाप्त भए पश्चात् तालिममा सहभागी प्रशिक्षार्थी तथा प्रशिक्षकलाइ सहभागिताको प्रमाणपत्र प्रदान गरिनेछ । यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन सहित) बमोजिम गर्नु पर्नेछ ।

### २.६.१.२ कर्मचारी दक्षता अभिवृद्धि तालिम (प्रमाणपत्र नदिने)

सम्बन्धित निकायको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा उक्त निकाय मातहतका कर्मचारीहरूलाई यस किसिमको तालिम प्रदान गरिनेछ । तालिमका लागि विषय छनौट गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा यस्तो तालिम प्रदान गर्न सकिनेछ । यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन सहित) बमोजिम गर्नु पर्नेछ ।

खर्च शीर्षकः सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च (२२५१२)

### २.६.४.२ उद्यमशीलता विकास तालिम

देशका ग्रामीण एवं शहरी क्षेत्रमा बेरोजगार रहेका व्यक्तिहरुलाई स्थानीयस्तरमा नै रोजगारीको अवसर प्रदान गर्न, स्थानिय सीप र साधनको सदुपयोग गर्दै आत्मनिर्भरता बढाउन, ब्यक्तिहरुमा सुषुप्त अवस्थामा रहेका उद्यमशीलताका लक्षणहरुलाई जगाई सफलताका साथ उद्योग ब्यवसाय संचालन गर्न सक्ने उद्यमी/ब्यवसायी तयार गर्ने उद्देश्य अनुरुप उद्यमशीलता विकास तालिम प्रदान गरिदै आएको छ । यस तालिमको लागि स्थल छनौट, तालिम अवधि, प्रशिक्षार्थी छनौट, आदि सम्पूर्ण प्रशिक्षण सम्बन्धी कार्यविधि "उद्यमशिलता विकास तालिमको निर्देशिका तथा पाठ्यपुस्तक" मा उल्लेख



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर (नेपाल)

सचिव

गरिएको छ । यस तालिमका सहभागी प्रशिक्षार्थीहरुलाई अनुसूची २० अनुसार र प्रशिक्षकहरुलाई अनुसूची २१ अनुसारको सुविधा प्रदान गरिने छ ।

यस कार्यक्रमका लागि कार्यालयले सम्भाव्य उद्यमीको पहिचान र छनौट गर्दाः

(१) सम्भाव्य उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानी सोही समूहका सदस्यहरूलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा नेपाल सरकारले लक्षित वर्ग भनी तोकेको अति गरिब, पिछडिएका महिलाहरु (एकल महिला समेत), दलित, आदिवासी जनजातिहरू, अपांङ्गता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, सीमान्तकृत तथा सुविधाविहीन समूहको अनुपातलाई ध्यान दिनु पर्दछ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, उपयुक्त उमेर समूह (१६-५० वर्ष), जोखिम वहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमको लागि दिने समय, गतिशीलता, पारिवारिक व्यवसायिक वातावरण जस्ता गुणहरूलाई समेत सम्भाव्य उद्यमी पहिचान प्रकृयामा उचित महत्व दिनु पर्दछ ।

(४) यसरी सम्भाव्य उद्यमीहरुलाई ८ दिनको व्यवसाय सचेतना तथा शुरु तालिम दिनु पर्दछ ।

(५) यसरी उद्यमशिलता विकास तालिम लिए पश्चात संभावित उद्यमीहरुलाई आफ्नो आफ्नो क्षमता, चाहना, बजार र श्रोतको सुनिश्चितता गरी आफूले छानेको उद्यम व्यवसायको व्यवसायिक योजना बनाउन सहजीकरण गर्दै व्यवसाय शुरुवात गर्नका लागि आवश्यक प्राविधिक सीप, प्रविधि, बजार, पुँजी आदिको लागि सहयोग तथा सहजीकरण गरिनेछ ।

### २.६.४.३ भगत सर्वजित सीप विकास तालिम

विपन्न, दलित, जनजाति तथा बहिष्करणमा परेका समुदायका व्यक्तिहरूको सीप प्रवर्द्धन गर्दै उद्यम विकास कार्यमा सहभागी गराइ जीवनस्तरमा अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम देहायका आधारमा सञ्चालन गर्नुपर्नेछ ।

१) सीप विकास तालिम प्राप्त नगरेका लक्षित वर्गका व्यक्तिहरूका लागि भगत सर्वजित सीप विकास प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७३ बमोजिमका प्रकिया पूरा गरी स्थानीय तहको समन्वयमा भगत सर्वजित सीप विकास तालिम सञ्चालन गर्ने ।

२) स्थानीय तहको समन्वयमा भगत सर्वजीत सीप विकास तालिम निर्देशिका अनुसार ३ वर्ष भित्र तालिम प्राप्त गरिसकेका वा गरिरहेका र हालसम्म प्रविधि प्राप्त गर्न नसकेका जिल्लाका व्यक्ति तथा उद्यमीहरूको पहिचान गरी सूची तयार गर्ने ।

३) उक्त सूची तयार गर्न तपसिलका मापदण्ड राखी १५ दिने सार्वजनिक सूचना आह्वान गर्ने ।

क. उद्योग दर्ता गरेको भए प्रमाण पत्र

ख. उद्योग दर्ता नगरेको भए तालिम लिएको प्रमाण पत्र

४) उपरोक्त अनुसारको उद्योगी वा व्यक्तिलाई लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण निर्देशिका, २०७३ अनुसार सीप विकास प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरण गर्ने ।

### २.६.४.५ उद्योग प्रवर्द्धन कार्यक्रम

जिल्लामा पहिलेदेखि स्थानीयस्तरमा भएका श्रोत, साधन, परम्परा तथा सीप तथा प्रविधि प्रयोग गरी आफ्नो उद्यम व्यवसाय सञ्चालन गरिरहेका वा गर्न चाहने व्यक्ति, संघ संस्था, सहकारी आदिलाई आवश्यकता पहिचान विश्लेषण गरी यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम उद्यमशिलता, रोजगारीमूलक सशक्तिकरण सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम रहेकोले उद्यम प्रवर्द्धन गर्दा घरेलु तथा साना उद्योग कार्यालयले सञ्चालन गरिरहेको १ देखि ३ दिन सम्मको आवश्यकता हेरी उद्यमशिलता विकासको तालिम दिई अन्य सीप, प्रविधि तथा परम्परागत उद्यम प्रवर्द्धन गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

प्रवर्द्धनात्मक सहयोग गर्दा सम्वन्धित उद्योगको अवस्था विश्लेषण गरेर सो उद्योग व्यवसाय सञ्चालनमा सहजै आउन सक्ने, व्यवसायिक योजनाको आधारमा तयारी गरी अन्य थप रोजगरीका अवसर सृजना हुने निश्चित हुने देखिएमा त्यस्ता विद्यमान उद्यमहरुलाई प्राथमिकतामा राख्नु पर्दछ । यसरी यो कार्यक्रम भित्र इच्छुक सामान्य नागरिक, उद्यमी, रुग्ण वा पूर्ण क्षमतामा सञ्चालन हुन सक्ने लघु, घरेलु तथा साना उद्योगहरुलाई माग अनुसार विभिन्न विषयमा सीप विकास, उद्यमशिलता विकास, वजारीकरण एवं विभिन्न विषयका व्यवस्थापन सम्वन्धि तालिम प्रदान गर्न सकिन्छ ।

यो कार्यक्रममा इच्छुक सहभागीहरुको संख्या धेरै भएमा र कार्यक्रमले नसमेटेमा लैंगिक तथा सामाजिक समावेशिकरणको प्राथमिकताको आधारमा सहभागीहरु छनौट गर्नु पर्ने हुन्छ ।

### २.६.४.६ युवा उद्यमशीलता तथा औद्योगिक जनशक्ति विकास कार्यक्रम

युवा उद्यमशिलता तथा औधोगिक जनशक्ति विकास तालिम कार्यक्रमको मुख्य लक्षित वर्ग युवा हुनुपर्दछ यसबाट युवाहरुमा उद्यमशीलताको विकास तथा विस्तार भई आफ्नो लागि स्वरोजगार तथा अन्य व्यक्तिहरुका लागि पनि रोजगारीमूलक अवसरहरुको सृजना गर्दै आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्नका लागि सहयोग तथा सहजिकरण गरिनेछ ।

यो कार्यक्रम सञ्चालन गर्दा उद्यमशिलता विकास कार्यक्रमको पाठ्यक्रमको आधारमा सञ्चालन गर्नुपर्नेछ । यो कार्यक्रमको लक्षित वर्ग भनेको युवा वर्गहरु हो । नेपाल सरकारले युवा भनेर तोकेको उमेर १६ देखि ४० वर्ष उमेर समूहको व्यक्तिहरु हुन् । यसरी सहभागीहरुको छनौट गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राख्नुपर्दछ ।

(१) उद्योग व्यवसायमा सरिक हुन इच्छुक भए तापनि प्रकृयागत जानकारी र उद्यमशिलताको अभावले गर्दा उद्यम व्यवसायमा सरीक हुन नसकेका ईच्छुक व्यक्तिहरु,



सचिव

(२) घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन, विविधिकरण तथा विस्तार गर्न चाहने युवा उद्यमी व्यवसायीहरु,

(३) बेरोजगार युवा तथा उद्योग व्यवसायका सम्बन्धमा अनभिज्ञ र स्वदेशमै स्वरोजगार हुन चाहने युवा वर्गहरु,

यसरी छनौटमा परेका सम्भावित युवा उद्यमीहरुलाई १० दिनको उद्यमशीलता विकास तालिम (व्यवसाय सचेतना तथा शुरु तालिम) दिनुपर्दछ।

### २.६.४.७ स्थापन्न उद्यमीहरूको लागि स्तरोन्नति कार्यक्रम

स्थानीयस्तरमा स्थापित तथा विद्यमान उद्यमीहरुको स्तरोन्नती गर्नका लागि उनीहरुसँग भएको क्षमता, उद्यमको अवस्था, उद्यमलाई सुधार तथा विस्तार गर्नका लागि आवश्यक पर्ने क्षेत्रको विश्लेषण गर्नु पर्दछ । उद्यमीहरुसँग भएको व्यवसायिक योजनालाई परिमार्जन गर्न जरुरी छ वा फेरि नयाँ बनाउने हो सो को अध्ययन गर्नु पर्दछ । हालको अवस्थामा प्राप्त उद्यम व्यवसाय गर्नका लागि श्रोत, कच्चा पदार्थको उपलब्धता, बजारको माग, ग्राहकको रुची, उद्यमीको माग, आवश्यकता र चाहना आदिलाई सुक्ष्म अध्ययन, विश्लेषण गरेर स्तरोन्नति कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

यस प्रकारको कार्यक्रमले विगत देखि सञ्चालित उद्योग व्यवसायको माध्यमबाट आफू पूर्णकालिन रोजगारी तथा अन्य थप व्यक्तिहरुलाई पनि सो उद्यम, व्यवसाय मार्फत रोजगार सृजना गर्ने देखिए त्यस्तो उद्यम व्यवसायलाई प्राथमिकतामा राख्नु पर्दछ ।

### २.६.४.१८ उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम

हालको अवस्थामा उद्यम व्यवसाय गर्नका लागि प्राप्त श्रोत, सीप, कच्चा पदार्थको उपलब्धता, बजारको माग, ग्राहकको रुची, उद्यमीको माग, आवश्यकता र चाहना आदिलाई सुक्ष्म अध्ययन, विश्लेषण गरेर उद्यमी श्रृजना तथा रोजगार कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यसका अतिरिक्त यस कार्यक्रमले विगत देखि सञ्चालन गर्ने उद्यमीहरु जो आफ्नो व्यवसायको माध्यमबाट आफू पूर्णकालिन रोजगारी तथा अन्य थप व्यक्तिहरुलाई पनि सो उद्यम, व्यवसाय मार्फत अन्य रोजगार सृजना गर्ने देखिए त्यस्तो उद्यम व्यवसायलाई प्राथमिकतामा राख्नु पर्दछ ।

यस उद्यमी सृजना गर्ने र रोजगार कार्यक्रममा उद्यमशिलतालाई महत्व दिएर समय सान्दर्भिक ३ दिन देखि ८ दिनसम्म (कति दिनको गर्न समय मिल्छ सो अनुसार) समयको अवस्था हेरेर उद्यमशिलता विकासको तालिम दिनु पर्दछ ।

### २.६.४.३९ सीप विकास तथा रोजगार कार्यक्रम भिन्न क्षमता भएका एकल दलित जनजाति समेत

भिन्न क्षमता भएका मानिसहरुलाई जागरुक गराई आय आर्जनका लागि अभिप्रेरित गर्दै हीन भावना तथा सोच हटाई सीप विकास मार्फत रोजगारको सिर्जना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
(नेपाल)
सचिव

(१) घरेलु तथा साना उद्योग कार्यालयहरूले कार्यक्रम संचालन र सहभागी छनौटका निम्न सूचकहरूको आधारमा स्थानीय तहहरूको समन्वयमा तालिमको माग संकलन गर्ने ।

क. उमेर १६ देखि ४० वर्षको भिन्न क्षमता भएका,

ख. नेपाली नागरिक,

ग. साधारण लेखपढ गर्न सक्ने,

घ. तालिम पशचात व्यवसाय गर्ने इच्छा भएको,

ङ. स्थानीय निकायको समन्वयमा सहभागी छनौट गर्ने ।

(२) तालिम कार्यक्रमको लागत अनुमान तयार गर्ने ।

(३) स्थानीय स्रोत साधन र सीपको पहिचान गरी प्रशिक्षार्थीलाई मागको आधारमा सीप विकास तालिम सञ्चालन गर्ने ।

(४) घरेलु कार्यालयहरूबाट संचालित तालिमको स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्ने र अनुगमनको क्रममा देखिएका सुधार गर्नुपर्ने कुराहरूमा सुझाव दिने ।

(५) स्थानीय तहहरूलाई जिम्मेवार बनाउन सहजिकरण गर्ने ।

तालिम समापन भए पश्चात तालिम सम्पन्नताको प्रतिवेदन तयार पार्ने वा पार्न लगाउने । एक/एक प्रति तालिम प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पठाउने ।

### २.६.६.१ गोष्ठी तथा कार्यशाला

स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार स्वदेशी कच्चा पदार्थबाट उत्पादित वस्तुको बजारीकरणका लागि उत्पादकहरुलाई इ-कमर्ससम्वन्धी तालिम सञ्चालन यस शीर्षकबाट गर्न गरिनेछ । तालिमका लागि विषय छनौट गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा यस्तो तालिम प्रदान गर्न सकिनेछ। तालिम सम्वन्धमा व्यवसायीहरुका छाता संघ/संस्थाहरुसँग समेत समन्वय गरी तालिमकासहभागी समावेश गरिने विषय वस्तु लगायतका अन्य विषयहरुमा समन्वय गरी संचालन गर्न सकिनेछ ।तालिम संचालन व्यवसायीहरुका छाता संघ/संस्थाहरुबाट समेत गराउन सकिनेछ। यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन सहित) बमोजिम गर्नु पर्नेछ ।

### २.६.६.३ समन्वयात्मक गोष्ठी

स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार प्रदेश भित्रका निजी क्षेत्र/ उद्यमी तथा आपूर्तिकर्ता व्यापारी सरोकारवालासँग गोष्ठी/कार्याशाला सञ्चालन यस शीर्षकबाट गरिनेछ । गोष्ठिका लागि विषय छनौट गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा गोष्ठी संचालन गर्न सकिनेछ । गोष्ठिका सहभागी सम्वन्धमा व्यवसायीहरुका छाता संघहरुसँग समेत समन्वय गरी विभिन्न क्षेत्रबाट



सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
नेपाल

प्रतिनिधित्व हुने गरी सहभागीहरुको छनौट गरिनेछ । गोष्ठि संचालन सम्वन्धमा मन्त्रालयबाट अन्य आवश्यक तयारी गरी संचालन गरिनेछ । यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन सहित) बमोजिम गर्नु पर्नेछ ।

खर्च शीर्षकः कार्यक्रम खर्च(२२५२२)

## २.७.५.२ बजार अनुगमन तथा नियमन

व्यापार व्यवसायलाई मार्यादित र उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रदेशभित्रका सबै जिल्लाहरूमा रहेका वाणिज्य तथा बजार अनुगमन गर्न सक्नेछ भने सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयहरूले आफ्नो जिल्ला भित्र अनुगमन गर्नेछन्। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन लगायतका निकायहरूसँग समन्वय गरी प्रचलित कानुन बमोजिम वाणिज्य/बजार अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नुपर्नेछ। बजार अनुगमनमा खटिइएका टोलीलाई चिया खाजाखाना एवं आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको भत्ता वापत आवश्यक पर्ने रकम यस शिर्षकको बजेटबाट खर्च गर्न सकिनेछ ।

## २.७.५.७ वार्षिक प्रगति पुस्तिका प्रकाशन

यो कार्यक्रम सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयहरूले एक आर्थिक वर्षमा आफूले सम्पादन गरेका कार्यहरूको विस्तृत विवरणको जानकारी संलग्न गरी वार्षिक प्रगति पुस्तिका प्रकाशन गरी प्रचार प्रसार गर्नुपर्नेछ। यसलाई आवश्यकता अनुसार विद्युतीय माध्यम, पत्रपत्रिका तथा अन्य विभिन्न संचार माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ। जसमा एक आर्थिक वर्षमा सम्पादन भएका उद्योग, व्यवासयको दर्ता, नवीकरण, क्षमता वृद्धि, ठाउँ सारी, उद्देश्य परिवर्तन जस्ता विवरणहरू विस्तृत रूपमा प्रकाशन गर्नु पर्नेछ।

## २.७.५.८६ औद्योगिक प्रदर्शनी सहभागी तथा स्टल खरिद

प्रदेश भित्रका लघु, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको पहिचान, प्रचारप्रसार र बजारीकरणमा टेवा पुऱ्याई आन्तरिक उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले यो कार्यक्रम गरिनेछ।

उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग महासंघ लगायत अन्य संघसंस्थाबाट जिल्लाभित्र सञ्चालन हुने व्यापार तथा औद्योगिक मेला प्रदर्शनीमा लघु, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको प्रदर्शन गर्नको लागि आवश्यक पर्ने खर्चमध्ये उद्यमीहरूको सम्बन्धित संस्थाबाट प्राप्त



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रस्तावका आधारमा आपसी समझदारीबाट साझेदारीमा रकम खर्च गरिनेछ । यसका साथै कार्यालयले स्टलको व्यवस्थापन गरी सम्बन्धित उद्यमीहरूबाट प्रदर्शनको लागि प्रस्ताव माग गरी सो को आधारमा सम्बन्धित उद्यमी वा उद्यमी समूहलाई समेत सहयोग गरिनेछ । एउट प्रदर्शनीमा माथि उल्लिखित दुई विकल्प मध्ये कुनै एक विकल्प अपनाउनुपर्नेछ ।

## २.७.५.६६/२.७.२९.२२ उद्योग दिवस मनाउने

उद्योग दिवस मनाउन अन्य कार्यालय तथा सरोकारवाला संघसंस्थालाई दिवस सम्बन्धी कार्यक्रमको अग्रिम जानकारी गराउनु पर्छ । उद्योग सम्बन्धी जानकारीहरू सरोकारवालाहरूमा प्रचारप्रसार गर्नु पर्छ । उद्योग स्थापनाको दिन भेला वा गोष्ठी वा प्रदर्शनी वा प्रभातफेरी लगायतका चेतनामूलक कार्यक्रम संचालन गरी मनाउन सकिन्छ । कार्यक्रम समापन पश्चात् प्रतिवेदन तयार गर्ने । यो दिवस उद्योग दिवसका दिन हरेक साल मंसीर ९ गते मनाउनुपर्छ ।

## २.७.५.९६ प्रदेशस्तरमा उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी ऐन, कानून, मापदण्ड, कार्यविधि निर्माण आदि

प्रदेश अन्तर्गत सञ्चालन गरिने कार्यहरू प्रदेश ऐन, नियम अनुसार सञ्चालन गर्न र कार्यमा एकरूपता ल्याउनमा सहजीकरण गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ ।

यो कार्यक्रममा निम्न क्रियाकलापहरू गरिनेछ ।

क) औद्योगिक व्यवसाय सम्बन्धी ऐन र फर्म दर्ता ऐन प्रदेश सभाबाट जारी भए पछि स्वीकृत ऐनको अधिनमा रही नियमावली तयार गर्ने ।

ख) मन्त्रालयबाट सञ्चालन गरिने कार्यक्रमको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन, मापदण्ड तयार गर्ने ।

ग) ऐन, नियम, निर्देशिका र कार्यविधि तयार गर्दा विषय विज्ञहरू तथा सरोकारवालाहरू सँग छलफल गर्ने ।

उल्लिखित कार्यक्रम गर्नका लागि राय संकलन, बैठक, परामर्श सेवा, गोष्ठी, छपाइ ,प्रचार प्रसार सामाग्री उत्पादन तथा प्रकाशन र वितरण सम्बन्धी कार्यमा विनियोजित रकम खर्च गरिनेछ ।

## २.७.७.३३ प्रदेश १ अन्तर्गतका औद्योगिक उत्पादनका वस्तु र उत्पादित सेवाहरूको माग र आपूर्तिको वर्तमान अवस्थाको अध्ययन तथा तथ्याङ्क विश्लेषण

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित) र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ मा व्यवस्था भए बमोजिम यस मन्त्रालयमा सूची दर्ता गराएका सम्वन्धित विषयसँग सम्वद्ध सूचीकृत सेवा प्रदायक व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

प्रस्ताव  माग गरी छनौट भएको १ (एक)  सेवा प्रदायकबाट परामर्शमा सेवा लिई अध्ययन तथा तथ्यांक विश्लेषण कार्य  गराईनेछ ।

## २.७.८.२७ COVID-१९ बाट प्रभावित समुदायलाई सीप विकास एवम् जनचेतनाको कार्यक्रम सञ्चालन

कोरोनाको विश्वव्यापी महामारीका कारण वैदेशिक रोजगारीबाट फर्किनु परेका, रोजगारी गुमाएका तथा दैनिक ज्यालादारी गर्नुपर्ने न्यून आयश्रोत भएका व्यक्तिहरू लक्षित गरी यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यस कार्यक्रम अन्तर्गत लक्षित वर्गका लागि सीप विकास तालिम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

## २.७.२५.३ उद्योग प्रवर्द्धन समन्वय समितिको बैठक

सम्बन्धित निकाय रहेको जिल्लाका जिल्ला समन्यव समितिको प्रमुखको अध्यक्षतामा उद्योग प्रवर्द्धन समन्वय समिति रहने व्यवस्था रहेको छ । सो समितिको बैठकका सहभागीहरूलाई प्रचलित कानून बमोजिमउपलब्ध गराइने बैठक भत्ता, खाजा खर्च र समितिबाट हुने अनुगमनका क्रममा हुने खर्चवापतको रकम यस शीर्षकबाट व्यहोरिनेछ ।

## २.७.२५.३७ एक जिल्ला एक उत्पादन कार्यक्रम

सम्बन्धित निकाय रहेको जिल्लाको विशेष भौगोलिक, साँस्कृतिक वा आर्थिक अवस्थाका कारण उत्पादनको सम्भावना भएको उत्पादनमा जोड दिनु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गर्न सकिनेछ ।

१) जिल्लामा ज्यादा सम्भाव्यता भएका उत्पादन मध्ये कुनै एउटा छनौट गर्ने ।

२) त्यस्तो वस्तु उत्पादन गर्ने व्यवसायीहरूलाई स्थानीय तहको समन्वयमा छनौट गर्ने ।

३) व्यवसायीहरूलाई उत्पादनसँग सम्बन्धित विशिष्टीकृत तालिम प्रदान गर्ने ।

४) तालिम लिएका व्यवसायीहरूलाई आवश्यक प्रविधि हस्तान्तरण गर्ने ।

## २.७.२५.६५ साना तथा घरेलु उद्यमीहरूको उत्पादन बीमा सम्बन्धी बैंक, वित्तीय संस्था, बीमा कम्पनी र उद्यमी बिच छलफल

स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार प्रदेश भित्रका साना तथा घरेलु उद्यमीहरुको उत्पादन बीमा सम्वन्धी बैंक,वित्तिय संस्था,कम्पनी र उद्यमीहरु बीच छलफल कार्यक्रम सञ्चालन यस शीर्षकबाट गरिनेछ । कार्यक्रमका लागि विषय छनौट गरी बाह्य तथा आन्तरिक श्रोत व्यक्तिद्वारा कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रमका सहभागी  सम्वन्धमा घरेलु तथा साना उद्यमीहरुको छाता संघ/संस्थाहरुसँग समेत समन्वय गरी  विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सहभागीहरुको छनौट गरिनेछ । कार्यक्रम संचालन मन्त्रालय/व्यवसायीहरुका संघ/संस्था लगायत



सचिव

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर (नेपाल)

सरोकारवालाहरुसँग समन्वय गरी संचालन गर्न गरिनेछ । यस शीर्षक अन्तर्गत खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (प्रथम संशोधन सहित) बमोजिम गरिनेछ ।

### २.७.२९.४ वार्षिक समीक्षा गोष्ठी

(१) साना तथा घरेलु विकास प्रवर्द्धन निर्देशिका, २०७० अनुसार प्रगति प्रतिवेदन तयार गर्ने ।

(२) उक्त प्रतिवेदन सुशासन ऐन तथा नियमावली अनुसार सार्वजनिक सुनुवाई गर्ने ।

(३) यस कार्यक्रम अन्तर्गत उद्योग, वाणिज्य प्रशासन सम्वन्धी कानून वा कार्यक्रमहरुको कार्यान्वयनको लागि सल्लाह सुझाव लिने गरी बैठक कार्यशाला समेत गर्न सकिने छ ।

(४) उक्त प्रतिवेदन आवश्यकता अनुसार जिल्ला उद्योग प्रवर्द्धन समितिलाई बैठक मार्फत जानकारी गराउने ।

(५) उद्योग वाणिज्य प्रशासन सँग सम्वन्धित प्रगति समिक्षा तथा कार्यक्रम तर्जुमागोष्ठि तथा कार्यशालामा तालुक निकाय वा सरोकारवाला निकायको उपस्थितिमा समेत गर्न सकिने छ ।

सार्वजनिक सुनुवाई वा बैठक वा गोष्ठी तथा कार्यशालाको खर्च तथा बैठक भत्ता खर्च अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका,२०७५अनुसार गर्ने ।

## खर्च शीर्षकः अनुगमन तथा मूल्याङ्कन खर्च (२२६११)

### २.८.१.१ अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च

स्वीकृत वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन गर्न तथा स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि लाग्ने भ्रमण खर्च यस शीर्षकबाट व्यहोरिनेछ । भ्रमण खर्च भुक्तानी दाबीका लागि प्रचलित कानून बमोजिम पेश गर्नु पर्ने भ्रमण बिल तथा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### २.८.१.२ उद्योग वाणिज्य अनुगमन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रदेशभित्रका सबै जिल्लाहरूमा रहेका उद्योग तथा व्यवसायको अनुगन गर्न सक्नेछ भने सम्बन्धित घरेलु तथा साना उलोग कार्यालयहरूले आफ्नो जिल्ला भित्र अनुगमन गर्नेछन्। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन लगायतका निकायसँग समन्वय गरी प्रचलित कानुन बमोजिम अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नु पर्नेछ।



सचिव

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

अनुगमनमा खटिएका टोलीलाई खाजा, खाना, आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको भत्ता यस शीर्षकको बजेट खर्च गर्न सकिनेछ ।

**२.८.१.५ IEE/EIA स्वीकृत भई सञ्चालनमा रहेका आयोजनाहरूको अनुगमन**

प्रदेशस्तर अन्तर्गत रहेका प्रस्ताव/ उद्योग/संस्थाहरूको कार्यान्वयन/ संचालनबाट भइरहेको वातावरणीय प्रदूषण तथा प्रभावहरूको निरीक्षण तथा अनुगमन गरी प्रदूषणको रोकथाम तथा व्यवस्थापन गरी प्रदेशको वातावरणीय स्थितिको संरक्षण तथा प्रवर्द्धन गर्ने मुख्य उद्देश्य रहेको छ। यस वर्षलाई१०वटा प्रस्ताव/उद्योग/संस्थानहरूको प्रदूषण तथा प्रभावहरूको अनुगमन गरिनेछ।
यस कार्यक्रममा चरणबद्ध तरिकाले निम्न बमोजिम कार्यहरू गरिनेछ।

(१) वातावरण निरीक्षकसहितको निरीक्षण टोली गठन
(२) प्रस्ताव/उद्योग/संस्थाहरूको वातावरणीय निरीक्षण
(३) निरीक्षण प्रतिवेदन
(४) नियमानुसार आवश्यक कारवाही

यस कार्यक्रमको लागि निम्न शिर्षकहरूमा प्रचलित नियमानुसार खर्च गर्न सकिनेछ।

(१) यातायात भत्ता र दैनिक भत्ता (आवश्यक परेमा इन्धन, बैठक वा यातायात भत्ता, खाजा, स्टेशनरी)
(२) निरीक्षण प्रभावकारिताको लागि आवश्यक पर्ने फिल्ड सामाग्री खरिद
(३) प्रतिवेदन लेखन तथा छपाई

**खर्च शीर्षकः सरकारी निकाय, समिति, बोर्ड – पूँजीगत सःशर्त अनुदान (२६४२२)**

**११.४.२२.६९३ औद्योगिक प्रदर्शनी केन्द्र स्थापना (स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा)**

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित) र प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ मा व्यवस्था भए बमोजिमका प्रक्रिया अनुसार स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा औद्योगिक प्रर्दशनी केन्द्र स्थापनाको लागि ईच्छुक निजी क्षेत्र /स्थानीय तहहरुबाटदरखास्त आव्हान गरी सूचना प्रकाशन गरिनेछ । तोकिएको समयावधिमा पेश भएका आवेदनहरुको छनौट गरी १(एक) वटा संस्था छनौट गरी सम्झौता गरिनेछ । छनौट तथा अन्य कार्यका लागि मन्त्रालयले मापदण्ड बनाई कार्य गर्न सक्नेछ । सम्झौता बमोजिमको रकम स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिनेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

खर्च शीर्षकः अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान (२६४२३)

## ११.१.२.१ भवन निर्माण (सामूहिक कोसेली घर निर्माण)

सामूहिक कोसेली घर निर्माणको लागि सार्वजनिक खरिद ऐन,२०६३ रसार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित) र प्रदेश सार्वजनिकखरिद नियमावली,२०७७ तथा यस मन्त्रालयको अनुदान तथा सहयोगसम्वन्धी कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम कोसेली घर निर्माणकालागि लघु उद्यमीसँग सम्वन्धित संघ/संस्थाहरुबाट प्रस्ताव माग गरी छनौटभएको १(एक)संस्थालाई अनुदान उपलब्ध गराईनेछ ।

खर्च शीर्षकः मेशिनरी तथा औजार (३११२२)

## ११.३.७.८ लघु उद्यमीहरूका लागि उपयुक्त प्रविधि हस्तान्तरण

यो कार्यक्रम निम्नानुसार गरिनेछ।

(१) घरेलु तथा साना उद्योग कार्यालयले सञ्चालन गरेको सीप, तालिम र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिर्जना तथा स्तरोन्नती भएका उद्यमीहरूसँग सम्बन्धित प्रविधि (मेशिन औजार) उद्यमीहरू मध्ये आवश्यकताको आधारमा प्रचलित कानुन बमोजिम खरिद गरी उपलब्ध गराउन सकिनेछ।

(२) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गतका उद्यमीहरूलाई प्रविधि हस्तान्तरण गर्दा सम्बन्धित सेवा प्रदायक संस्थाको सिफारिसका आधारमा गर्ने ।

(३) प्रविधि (मेशिन औजार)को खरिद मूल्यको २० प्रतिशत मूल्य सम्बन्धित उद्यमीको साझेदारी हुनुपर्नेछ।

(४) स्थानीय तहहरूको समन्वयमा प्रविधि हस्तान्तरण गर्ने ।

(५) प्रविधि हस्तान्तरण कार्य सम्पन्नताको प्रतिवेदन तयार पार्ने र निर्देशनालय र मन्त्रालयलाई एक/एक प्रति उपलब्ध गराउने ।

(६) जिल्ला घरेलु कार्यालय, स्थानीय तह, निर्देशनालय र मन्त्रालयले प्रविधि प्राप्त गरेका उद्यमहरूको स्थलगत कार्य संचालनको अनुगमन गर्ने ।

## ११.३.१२.२. उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम

यो कार्यक्रम निम्नानुसार गरिनेछ ।

१) जिल्ला भित्र संचालनमा रहेका उद्योगहरुको सूची तयार गर्ने ।



प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ विराटनगर (नेपाल)

सचिव

२) सूची तयार गर्न तपशिलका मापदण्ड राखी ३० दिने सार्वजनिक सूचना आह्वान गर्ने ।

- PAN दर्ताको प्रमाणपत्र,
- गत आ.व.को कर चुक्ताको प्रमाणपत्र,
- नविकरण अवधिबहाल रहेकोउद्योग/व्यवसाय प्रमाणपत्र,
- व्यवसायिक योजना,
- कार्यालयले आवश्यक ठानेका अन्य कागजपत्रहरु ।

प्रकरण २) अनुसार सूचीकृत भएका उद्योगहरुले औद्योगिक उत्पादनसँग सम्वन्धित उपकरण तथा मेशीनरी औजार संचालनका लागि माग गरेमा माग र बजेटको सिमा भित्र रही लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण निर्देशिका, २०७३ अनुसार प्रविधि हस्तान्तरण गर्ने ।

**खर्च शीर्षकः पुँजीगत अनुसन्धान तथा परामर्श (३११७२)**

## ११.५.४०.६५ कृषि र वन पैदावारमा आधारित उद्यमहरूको पहिचान, विकास, स्थापना र प्रवर्द्धन सम्बन्धमा विस्तृत अध्ययन

सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित) र प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७ मा व्यवस्था भए बमोजिम यस मन्त्रालयमा सूची दर्ता गराएका सम्वन्धित विषयसँग सम्वद्ध सूचीकृत सेवा प्रदायक व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट प्रस्ताव माग गरी उपयुक्त १(एक) सेवा प्रदायक छनौट गरी परामर्शमा सेवा लिई अध्ययन कार्य गराईनेछ ।

## ११.५.४०.६८ अन्तराष्ट्रिय मापदण्डमा आधारित एकीकृत प्रयोगशालाको सम्भाव्यता अध्ययन र गुरूयोजना निर्माण

सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित) र प्रदेश सार्वजनिक खरिद नियमावली,२०७७ मा व्यवस्था भए बमोजिम सेवा प्रदायक व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट खुल्लारुपमा आशयपत्र माग गरी संक्षिप्त सूचीको लागि सूचना प्रकाशन गरिनेछ । संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुबाट प्रस्ताव माग गरी पेश भएका प्रस्तावहरुको छनौट गरी उपयुक्त १(एक) सेवा प्रदायक छनौट गरी परामर्शमा सेवा लिई सम्भाव्यता अध्ययन र गुरुयोजनाको निर्माणको कार्य गराईनेछ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

सचिव